## बाली कटनी

धान रोपेको लगभग १२० दिनमा काट्ने समय हुन्छ ।  जब धान पहेलो अवस्थामा पुग्छ तब हावापानीलाई ध्यान मा राखी बाली कटनी गर्नु पर्छ। यसरी काटिएको धानलाई घामले भेट्ने गरी सुकाउनु पर्छ, धान सुक्न करिब एकहप्ता समय लाग्दछ ।

## थ्रेस्सिंग (धान झाट्नु )

राम्रो सँग सुकेको धानलाई खले गरामा जम्मा गरिन्छ, अनि धानलाई झाटिन्छ साथै नाग्लोको सहायतले भूसलाई उढाई धानलाई जम्मा गरी ढिकुटिमा लगाइन्छ ।


**Published by**

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

**Under the project**
Conservation, Promotion and Intensification of Local Crop Landraces or Germplasm for Livelihoods of Organic Farmers in Sikkim

**Sponsored by:**

NATIONAL MISSION ON ORGANIC MISSION
Ministry of Environment, Forest & Climate Change, Govt. of India
NMHS Nodal Institute: G.B. Pant National Institute of Himalayan Environment & Sustainable Development (GBPNIHESD)

Cite: Sherpa P, Limbu S and Limboo D. 2020. Cultivation practices of Paddy (Pamphlet). Department of Horticulture, Sikkim University.


सिक्किम विश्वविद्यालय
स्थापित -२००७

Extension Bulletin-02/NMHS/2020

# धानको खेति




Authors
Pema Sherpa, Suren Limbu and Deewan Limboo

Department of Horticulture, Sikkim University
6th Mile Tadong, Gangtok District, 737102
lsharma@cus.ac.in

## परिचय

धान प्राय जसो सबै मानिसले उपयोग गर्ने सिक्किमको प्रमुख खादन्य बाली मध्ये एक हो। राज्यको अधिकांस गर्मी हावापानी हुने ठाऊमा धान खेती वर्सा याममा वर्षको एकचोटी गर्ने गरिन्छ साथै सिक्किमको पृष्ठभूमिमा अरु खादंन्य बालीको तुलनामा धान खेती बढि गरेको पाईन्छ ।

## ब्याडको तयारी

धान रोप्नु भन्दा पहिले धानको ब्याड राख्नु पर्छ। धान को ब्याड राख्न अघि बारीलाई राम्ररी जोति , छेउ भित्ता खनि , घासलाई खेतमा पानी हाली कुहाउनु पर्छ। जब झारपात राम्ररी कुहुन्छ खेतलाई पुन जोति दादे लगाउनु पर्छ। ब्याड तयारी गर्दा ब्याड को उत्तर पट्टिको भाग कम्ति मात्रामा उठाइएको हुनुपर्दछ जसले गर्दा पानी जम्न नदिएर पानीको को राम्रो निकास हुनमा सहयोग पुग्छ । त्यसपछि राम्ररी पाकेको गाईको मल बारीमा लगाई अन्तिम जोताई गरि धान को बिउलाई छरिन्छ। यसरी छरेको बिउ लगभग एक महिना पछि मुख्य जग्गामा रोप्नका लागि तयारी हुन्छ ।

## जग्गाको तयारी

प्राय जसो सिक्किममा धान खेति साउन महिना मा गर्ने गरिन्छ । रोप्न अघि बारीलाई राम्ररी जोति , छेउ भित्ता खनि , मल लगाई , घासपात पात पतिङ्गारलाई कुहाउन्नका लागि खेतमा पर्याप्त मात्रमा पानी हाल्नु पर्छ। त्यसपछि धान रोप्ने दिन पुन जोति, दादे लगाई, बाउसे गरि, माटोलाई समतल बनाउने काम गरिन्छ। माटोलाई समतल बनाउदा दक्षिण पट्टिको भागलाई केहि उठाउनु पर्छ जसले गर्दा गरामा पानी रहिरहन सहयोग पुग्दछ।

## गोडमेल

यसरी रोपिएको धान गोडने समय हुनलाई डेड देखि दुइ महिना लाग्दछ। हेर्दा धान जस्तो देखिने सामालाई र झारपात साथै बाग्लो भएको धानलाई उखेलेर फालिन्छ यसरी उखेल्दा सामा पनि धान जस्तै देखिने भएकोले सामा उखेल्दा ध्यान् दिनु पर्छ। छेउ भित्तामा लामो लामो घास भए काट्नु पर्दछ साथै हप्ता दश दिनको अन्तरलमा सिचाई गरिरहनु पर्दछ। सामान्यतय बाला निस्किने , फुलफुल्ने र दुधिलो अवस्थामा सिचाई मा बढी ध्यान दिनु पर्दछ।



## किरा तथा रोग बेवास्थापन

धान बालीमा लाग्ने मुख्य किरा हरु मा धान खाने पुत्तली , नरमा लाग्ने गबारो , मुसा साथै गंगटो आदि हुन् । जैविक तरिका बाट कीरा रोकथामको लागी तितेपाती, अङ्गेरी साथै निमपत्ताको घोल बनाइँ छर्नाले कीराको प्रकोप लाइ कम गर्न सकिन्छ।

धान बालीमा लाग्ने प्रमुख रोगहरुमा; जिङ्कको कमीले लाग्ने खैरा रोग, पात डडने र धानको बालामा कालो पोका देखा पर्नु इत्यादी मुख्य हुन् ।